# 9 December

UNITED AGAINST CORRUPTION

## भ्रष्टाचारविरूद्ध अन्तर्राष्ट्रिय दिवस

# भ्रष्टाचारविरूद्धको ऐक्यबद्धता

संयुक्त राष्ट्रसङ्घले ९ डिसेम्बरलाई भ्रष्टाचारविरूद्ध अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउँदै आएको छ । अहिले भ्रष्टाचार कुनै मुलुक विशेषको मात्रै नभई सबैको साझा समस्या बनेको छ । त्यसैले विश्वव्यापी रूपमा भ्रष्टाचारविरूद्ध ऐक्यवद्धताको सन्देश प्रवाह गर्नका लागि यो दिनलाई विश्वभरी सचेतना दिवसका रूपमा मनाइन्छ ।

लोकतन्त्रमा निर्वाचित जनप्रतिनिधिले गर्ने हरेक **निर्णय र क्रियाकलाप**बाट आम नागरिकको जीवनमा **सकारात्मक वा नकारात्मक** प्रभाव पार्ने भएकाले जनप्रतिनिधिप्रति आमजनताको चासो र जिज्ञासा सदैव रहन्छ । त्यसैले निर्वाचित जनप्रतिनिधिलाई समयमै भ्रष्टाचारविरूद्ध लड्न उत्प्रेरित गर्ने हेतुले **भ्रष्टाचारविरूद्ध राष्ट्रिय सञ्जाल** अर्थात् National Coalition against Corruption को तर्फबाट निम्नानुसार प्रश्न रहेका छन् ?

## संघीय र प्रदेशसभाका सांसदलाई सोध्न सकिने ११ प्रश्न

### सांसदज्यू,

- सार्वजनिक रूपमा **म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न** भन्न सक्नुहुन्छ ?
- सार्वजनिक रूपमा **म भ्रष्टाचार गर्नेलाई संरक्षण गर्दिन** भन्न सक्नुहुन्छ ?
- मुलुकमा व्याप्त भ्रष्टाचार घटाउन के गर्न सक्नुहुन्छ ?
- चुनावको खर्चको हिसाब निर्वाचन आयोगमा कहिलेसम्म बुझाउनु हुन्छ ?
- सम्पत्ति विवरण कहिलेसम्म बुझाउनु हुन्छ ?
- संघीय संसद र प्रदेशसभामा भ्रष्टाचारविरूद्धको संकल्प प्रस्ताव कहिलेसम्म प्रस्तुत गर्नुहुन्छ ?
- मुलुकमा सुशासन प्रवर्द्धन गर्ने कुरा यहाँको प्राथमिकतामा पर्छ कि पर्दैन ?
- भ्रष्टाचारविरूद्ध कामगर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सवलीकरणका लागि के गर्नुहुन्छ ?
- महालेखापरीक्षकले औंल्याएको एक खर्ब भन्दा बढि बेरूजु घटाउन के गर्नुहुन्छ ?
- संसद विकास कोषको रकम कार्यकर्तालाई जथाभावी बाँड्दिन भन्न सक्नुहुन्छ ?
- औषधि उपचारको नाउँमा राष्ट्रिय ढुकुटीबाट पैसा लिन्न भन्न सक्नुहुन्छ ?

## स्थानीय तहका प्रतिनिधिलाई सोध्न सकिने ६ प्रश्न

### मेयर तथा गाउँपालिका अध्यक्षज्यू,

- सम्पत्ति विवरण बुझाउनु भयो ?
- तपाईंको पालिकामा भ्रष्टाचार गर्नेलाई कस्तो कारवाही गर्नुहुन्छ ?
- तपाईंको पालिकाले भ्रष्टाचारविरूद्ध लड्ने संकल्प प्रस्ताव कहिले पास गर्छ ?
- तपाईंको पालिकामा भ्रष्टाचार रोक्न के कस्ता संयन्त्र अपनाउनु हुन्छ ?
- सुशासन प्रवर्द्धनका लागि के कस्ता अभियान सञ्चालन गर्नुहुन्छ ?
- बेरूजु फछ्र्योट कहिलेसम्म गर्नुहुन्छ ?







**आउनुहोस्, भ्रष्टाचारविरूद्ध सँगै लडौं !**

भ्रष्टाचारविरूद्ध राष्ट्रिय सञ्जाल

National Coalition against Corruption (NCaC)